स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः ०६ मितिः २०८३ साल असार २२ गते

भाग-एक

सिलीचोङ गाउँपालिका, ताम्कु, संखुवासभाको सूचना

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सिलीचोङ गाउँपालिका

सहकारी ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नम्बरः ०६

<u>सहकारी संस्थाको स्थापना, सन्चालन, व्यवस्थापन र नियम गर्ने सम्बन्धमा सहकारी सम्बन्धि कानूनलाई संशोधन र एकीकरण गर्न वनेको ऐन</u>

प्रस्तावना : सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारी संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सहकारी ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क)**"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख)**"कसुर"** भन्नाले दफा ७९ बमोजिमको कसुर सम्झनुपर्छ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ग) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) **"दर्ता अधिकारी"** भन्नाले दफा ६९ बमोजिमको दर्ता अधिकारी सम्झनुपर्दछ ।

(ङ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू,भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ । तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) **"बचत"** भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(छ) **"प्राथमिक पूँजी कोष"** भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालय सम्झनुपर्छ ।

(झ) **"मुख्य कारोबार"** भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो

आर्थिक वर्षसम्मका परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ ।

(ञ) **"रजिष्ट्रार"** भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ ।

(ट) **"लेखा सुपरिवेक्षण समिति"** भन्नाले, दफा ३७ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनुपर्छ ।

(ठ) **"विनियम"** भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ड) **"विभाग"** भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको शाखा समेतलाई जनाउँछ ।

(ढ) **"युवा व्यवसायी"** भन्नाले कुनै वस्तु वा सेवाको व्यापारिक प्रयोजनका लागि त्यस्तो वस्तुको उत्पादन वा कारोवार गर्ने १८ वर्ष देखि ४०

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

वर्ष सम्मको उमेर समुहको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ण) **"शेयर"** भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ ।

(त) **"सञ्चालक"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको प्रमुख, उपप्रमुख, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ । सदस्य भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(थ) **"समिति"** भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(द) **"सहकारी मूल्य"** भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(ध) **"संस्थाको व्यवसाय"** भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(न) **"सहकारी सिद्धान्त"** भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ऩ) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(प) **"साधारणसभा"** भन्नाले सहकारी संस्थाको साधारणसभा सम्झनुपर्छ ।

परिच्छेद -२

सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन** : (१) कम्तीमा तीस जना सिलीचोङ गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला वा श्रमिक वा युवा व्यवसायी मध्ये कुनै

एक समुहले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने गरी सहकारी संस्थाको गठन गर्न चाहेमा सिलीचोङ गाउँपालिकामा स्थायी बसोबास भएका पन्ध्र जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

४. **स्थानीय बिषयगत सहकारी संघको गठन** : (१) स्थानीय स्तरमा सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न प्रचलित कानून बमोजिम सिलीचोङ गाउँपालिकामा दर्ता भएका कम्तिमा सातवटा संस्थाहरूले आपसमा मिली आफ्नो बिषयको स्थानीय बिषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन भएको स्थानीय बिषयगत सहकारी संघ गाउँपालिका दर्ता गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम स्थानीय बिषयगत सहकारी संघ गाउँपालिका दर्ता गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

५. **स्थानीय सहकारी संघको गठन** : स्थानीय स्तरमा सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न प्रचलित कानून बमोजिम सिलीचोङ गाउँपालिकामा दर्ता भएका कम्तिमा सातवटा संस्थाहरूले आपसमा मिलि स्थानीय सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन भएको स्थानीय सहकारी संघ गाउँपालिका दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय सहकारी संघ गाउँपालिका दर्ता गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

६. **संघ गठन गर्न नसकिने** : दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै प्रकृतिको एकभन्दा बढी स्थानीय बिषयगत सहकारी संघ वा स्थानीय सहकारी संघ गठन गर्न सकिने छैन ।

७. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने** : कसैले पनि प्रचालित कानून बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

८. **दर्ता वा सूचिकृतको लागि दरखास्त दिनु पर्ने** : (१) यसै ऐन बमोजिम गठन भएका सहकारी संस्थाले सिलीचोङ

गाउँपालिकामा दर्ताका लागि दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) प्रचलित कानून बमोजिम संघ, प्रदेश वा अन्य स्थानीय तहमा दर्ता भएका सहकारी संस्थाले सिलीचोङ गाउँपालिकामा समेत आफ्नो व्यवसाय सञ्चालन गर्ने भएमा त्यस्तो सहकारी संस्थाले सिलीचोङ गाउँपालिकामा सूचिकृत हुनको लागि दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ :

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) उपदफा (२) बमोजिम पहिले नै दर्ता भएको संस्थाको हकमा दर्ता प्रमाणपत्र,

(ङ) तोकिए बमोजिमको अन्य विवरण ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

९. **<u>दर्ता वा सूचिकृत गर्नु पर्ने</u>** : (१) दफा ८ को उपदफा (१) र (२) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता वा सूचिकृत गरी तोकिएको ढाँचामा दर्ता वा सूचिकृत भएको प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) तोकिए बमोजिम अन्य आधारहरू रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका सिलीचोङ गाउँपालिकाभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्थाले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस ऐन बमोजिम गाउँपालिकामा सूचिकृत भइ सक्नु पर्नेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता वा सूचिकृत गर्दा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको शर्तको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

१०. **<u>दर्ता गर्न अस्वीकार गर्न सक्ने</u>** : (१) दफा ९ को उपदफा (१) मा उल्लेखित अवस्था नभई उपदफा (२) बमोजिम विनियम संशोधनको लागि सूचना दिएकोमा तोकिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुनेगरी बिनियम संशोधन नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता वा सूचिकृत गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता वा सूचिकृत गर्न अस्वीकार गरेकोमा दर्ता अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

११. **सहकारी संस्था संगठित संस्था हुने** : (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकार वाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

१२. **सहकारी संस्थाको कार्यक्षेत्र** : (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछ :

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म,

(१) सदस्यहरूको स्वावलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य सङ्ख्या,

(३) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्था दर्ता वा सूचिकृत भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई वर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक, सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनः निर्धारण गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **जानकारी दिनुपर्ने** : गाउँपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले गाउँपालिकामा

सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

१४. **विषयगत आधारमा वर्गीकरण** : (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ :

(क) **उत्पादक संस्थाः** कृषि, दुग्ध, चिया, कफी, उखु, फलफूल र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था,

(ख) **उपभोक्ता संस्थाः** उपभोक्ता भण्डार, बचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक, आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

(ग) श्रमिक संस्थाः हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको, विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था,

(घ) बहुउद्देश्यीय संस्थाः उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका

सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण आम प्रचलन र अभ्यासको विकास क्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरू थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरू गठन गर्न बाधा पर्नेछैन ।

१५. **<u>कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने</u>** : (१) दफा ९ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम दर्ता वा सूचिकृत भएको सहकारी संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र,

स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सो को जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(५) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **दायित्व सिमित हुने** : (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

१७. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने** : (१) सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

१८. **संस्थाको उद्देश्य** : (१) आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१९. **संस्थाको कार्य** : संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्ः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तहको दर्ता अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

परिच्छेद -३

विनियम तथा आन्तरिक कार्यविधि

२०. **विनियम बनाउनु पर्ने** : (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२१. **आन्तरिक कार्यविधि बनाउन सक्ने** : (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरी दर्ता अधिकारीबाट प्रमाणित गरेपछि लागू हुनेछ ।

(३) उपदफा (२) बमोजिम साधारण सभाबाट स्वीकृत आन्तरिक कार्यविधि प्रमाणित गर्नका लागि दर्ता

अधिकारी समक्ष पेश हुन आएकोमा तीन दिनभित्र दर्ता अधिकारीले प्रमाणित गरी दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित सहकारी सम्बन्धी कानूनको विपरित हुने गरी तयार गरिएको आन्तरिक कार्यविधि सोहि व्यहोरा खोलि दर्ता अधिकारीले त्यस्तो संशोधित कार्यविधि प्रमाणीकरण नगर्न सक्नेछ ।

२२. **<u>विनियम र आन्तरिक कार्यविधिमा संशोधन</u>** : (१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट स्विकृती गरी विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता अधिकारीबाट प्रमाणित भएपछि लागू हुनेछ ।

(३) साधारण सभाबाट स्वीकृत विनियम वा आन्तरिक कार्यविधि उपदफा (२) बमोजिम प्रमाणित गर्नका लागि दर्ता अधिकारी समक्ष पेश हुन आएकोमा तीन दिनभित्र दर्ता अधिकारीले प्रमाणित गरी दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित सहकारी सम्बन्धी कानूनको विपरित हुने गरी स्विकृती भई प्रमाणीकरणका लागि पेश हुन आएको विनियम वा आन्तरिक कार्यविधि प्रमाणीकरण गर्न दर्ता अधिकारी बाध्य हुने छैन ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) उपदफा (४) बमोजिम भई प्रमाणीकरण हुन नसक्ने भएमा के कुन प्रावधानको विपरित भएको हो सोहि व्यहोरा खोलि दर्ता अधिकारीले त्यस्तो संशोधित कार्यविधि प्रमाणीकरण नगर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रमाणीकरण नगरिएको बिषयमा सम्बन्धित संस्थाले सात दिनभित्र गाउँपालिका अध्यक्ष समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम पर्न आएको निवेदन उपर अध्यक्षले आवश्यक छानविन गरी प्रतिवेदन दिन सहकारी संस्था हेर्ने समिति समक्ष पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित समितिले सात दिन भित्र आवश्यक छानविन गरी अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्रतिवेदन प्राप्त भएपछी अध्यक्षले तीन दिनभित्र सो बिषयमा निर्णय गर्नु पर्ने छ ।

(१०) उपदफा (९) बमोजिम भएको निर्णय सम्बन्धित संस्थालाई गाउँपालिकाले सात दिनभित्र दिनु पर्ने छ ।

(१०) उपदफा (९) बमोजिम भएको निर्णय नै अन्तिम निर्णय हुनेछ यो निर्णय उपर अन्यत्र कतै उजुर लाग्ने छैन ।

परिच्छेद -४

सदस्यता

२३. **संस्थाको सदस्यता** : (१) अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका सिलीचोङ गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्;-

(क) संस्थाको कम्तीमा दश वटा शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(ङ) संस्थाको सदस्यता लीन योग्य रहेको स्वघोषणा गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन भएका टोलविकास संस्थाहरुको बचत पूँजी परिचालन गर्नका लागि गठन भएका सहकारी संस्थामा प्रचलित कानून बमोजिम गठन भएका टोलविकास संस्थाहरू सदस्य हुन सक्नेछन ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) सहकारी संस्थामा टोलविकास संस्थाले सदस्यता प्राप्त गर्ने सम्बन्धी व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।

२४. **<u>सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने</u>** : (१) संस्थाको सदस्यता लीन चाहने सम्बन्धित व्यक्ति वा टोलविकास संस्थाले संस्थाको समिति समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले उपदफा (३) बमोजिम जानकारी पाएको मितिले दश दिनभित्र दर्ता अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा
दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई गराउनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्न नमिल्ने देखिएमा दर्ता अधिकारीले सोहि बिषय उल्लेख गरी सदस्यता दिन नमिल्ने निर्णय गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सदस्यता दिन नमिल्ने निर्णय भएकोमा सम्बन्धित व्यक्तिले निर्णय भएको मितिले सात दिनभित्र गाउँपालिका अध्यक्षसमक्ष निवेदन उजुरी गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम पर्न आएको निवेदन उपर अध्यक्षले आवश्यक छानविन गरी प्रतिवेदन दिन सहकारी संस्था हेर्ने समिति समक्ष पठाउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित समितिले सात दिन भित्र आवश्यक छानविन गरी अध्यक्षसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम प्रतिवेदन प्राप्त भएपछी अध्यक्षले तीन दिनभित्र सो बिषयमा निर्णय गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम भएको निर्णय सम्बन्धित व्यक्तिलाई गाउँपालिकाले सात दिनभित्र दिनु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिम भएको निर्णय नै अन्तिम निर्णय हुनेछ यस उपर अन्यत्र कतै उजुर लाग्ने छैन ।

२५. **सदस्य हुन नपाउने** : (१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २३ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए एक वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२६. **सदस्यताको समाप्ति** : (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ख) लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २३ बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइ सकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२७. **सुविधा प्राप्त गर्न नसक्ने** : कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम तथा विनियम

बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

२८. **<u>स्थानीय संघको सदस्य हुन सक्ने</u>** : (१) दफा ४ बमोजिमको स्थानीय बिषयगत सहकारी संघमा सिलीचोङ गाउँपालिका भित्रका बिषयगत सहकारी संस्थाहरु सदस्य हुन सक्नेछन ।

(२) दफा ५ बमोजिमको स्थानीय सहकारी संघमा सिलीचोङ गाउँपालिका भित्रका बिषयगत सहकारी संस्थाहरु र सिलीचोङ गाउँपालिका भित्रका बिषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन ।

(३) यस दफा बमोजिम संघको सदस्यता लीन चाहने सम्बन्धित संस्थाले सम्बन्धित संघको समिति समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेकोमा निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले उपदफा (५) बमोजिम जानकारी पाएको

मितिले दश दिनभित्र दर्ता अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संघलाई आदेश दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संघले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई गराउनु पर्नेछ ।

(९) उपदफा (६) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्न नमिल्ने देखिएमा दर्ता अधिकारीले सोहि बिषय उल्लेख गरी सदस्यता दिन नमिल्ने निर्णय गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम सदस्यता दिन नमिल्ने निर्णय भएकोमा सम्बन्धित संस्थाले निर्णय भएको मितिले सात दिनभित्र गाउँपालिका अध्यक्षसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम पर्न आएको निवेदन उपर अध्यक्षले आवश्यक छानविन गरी प्रतिवेदन दिन सहकारी हेर्ने समिति समक्ष पठाउनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित समितिले सात दिन भित्र आवश्यक छानविन गरी अध्यक्षसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिम प्रतिवेदन प्राप्त भएपछी अध्यक्षले तीन दिनभित्र सो बिषयमा निर्णय गर्नु पर्नेछ ।

(१४) उपदफा (१३) बमोजिम भएको निर्णय सम्बन्धित संस्थालाई गाउँपालिकाले सात दिनभित्र दिनु पर्नेछ ।

(१५) उपदफा (१३) बमोजिम भएको निर्णय नै अन्तिम निर्णय हुनेछ यस उपर अन्यत्र कतै उजुरी लाग्नेछैन ।

परिच्छेद -५

साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

२९. **साधारणसभा** : (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै शेयर सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) प्रारम्भिक साधारण सभाः संस्था स्थापना भएको मितिले तीन महिनाभित्र बोलाई सक्नु पर्ने,

(ख) वार्षिक साधारणसभाः प्रत्येक वर्ष बोलाइनु पर्ने,

(ग) विशेष साधारण सभाः यस ऐन बमोजिम आवश्यकता अनुसार बोलाउन सकिने ।

३०. **<u>प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार</u>** : प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम, कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तिय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३१. **<u>वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार</u>** : वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

a. वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

b. वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

c. समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

d. सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

e. समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

f. विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

g. लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्र

h. संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

i. कर्मचारीको पारिश्रमिक लगायतका सुविधा तोक्ने,

j. ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

k. सदस्यको दायित्व मिनाहा दिने,

l. समितिलाई आवश्यक निर्देशन दिने,

m तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३२. **<u>साधारण सभाको बैठक</u>** : (१) सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ;-

a. संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

b. दफा ४२ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिले सिफारिस गरेमा,

c. कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

d. विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

e. दफा ३३ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

३३. **विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने** : (१) संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता

अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ :

a. सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेकोमा,

b. यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

c. दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

d. दफा ३५ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा दर्ता अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

(५) पहिलो पटक बोलाइएको साधारण सभामा उपदफा (४) बमोजिम गणपूरक संख्या नपुगेमा कम्तिमा दुई दिनको समय दिई त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्नेछ ।

(६) दोस्रो पटक बोलाइएको साधारण सभामा उपदफा (४) बमोजिम गणपूरक संख्या नपुगेमा पुनः कम्तिमा दुई दिनको समय दिई त्यसको सात दिन भित्र तेस्रो पटक साधारण सभा बोलाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३२ को उपदफा (४) बमोजिम बोलाइएको सभाको हकमा सोहि बमोजिम हुनेछ ।

(६) पाँच सय वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायक पर्ने स्थानमा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न

र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

३४. **<u>सञ्चालक समिति</u>** : (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) एउटै व्यक्ति लगातार एउटै पदमा दुई कार्यकाल भन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(५) कुनै संस्थाको सञ्चालक आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाहेक सोही संस्थाको कर्मचारी वा अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक एक करोड रुपैयाँभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन ।

(७) वार्षिक एक करोडभन्दा बढि कारोवार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ

भएको मितिले दुई महिनाभित्र त्यस्तो सञ्चालकले कर्मचारी वा सञ्चालक मध्ये कुनै एक पद त्याग गरी सो को जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले दुई महिनाभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहने गरि अन्यत्रको पद त्याग गरि सो को जनाकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(७) समितिको कार्यावधि संस्थाको विनियममा तोकिए बमोजिम बढीमा चार वर्षको हुनेछ ।

३५. **<u>सञ्चालक समितिको निर्वाचन</u>** : (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता अधिकारीले त्यस्तो संस्था सदस्य रहेको स्थानीय संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (४) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि गाउँपालिकाको सहकारी हेर्ने समितिले विनियममा व्यवस्था भए बमोजिम सञ्चालकको हैसियतमा कार्य सञ्चालन गर्नेछ ।

(८) उपदफा (७) बमोजिम भएकोमा उक्त मितिले तीन महिनाभित्र यस दफा बमोजिम सञ्चालक समितको निर्वाचन सम्पन्न गरिसक्नु पर्नेछ ।

३६. <u>**समितिको काम, कर्तव्य र अधिकार**</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क)सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा बिशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्दधनको लागि आवश्यक कार्य गर्ने गराउने,

(ट) तोकिए बमोजिम अन्य कार्य गर्ने गराउने ।

३७. **<u>सञ्चालक पदमा बहाल नरहने</u>** : देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन :

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३८ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) दफा ३४ को उपदफा (६) को बमोजिम बाहेक निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) मानसिक रोग लागि कार्य गर्न नसक्ने भनि चिकित्सकबाट प्रमाणित भएमा,

(छ) निजको मृत्यु भएमा ।

३८. **<u>सञ्चालकलाई पदबाट हटाउन सक्ने</u>** : (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

(६) यस दफा बमोजिम सञ्चालक हटाइएकोमा सो को सात दिनभित्र सो को लिखित जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

३९. **निजी स्वार्थ समावेश भएको बिषयमा निर्णय प्रक्रियामा संलग्न हुन नहुने** : (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको बिषयको निर्णय प्रक्रियामा आफु संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूलउपर गरिनेछ ।

४०. **समितिको विघटन** : (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ;-

(क)समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख)संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३३ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता अधिकारीले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुधारका लागि समयावधि दिइएकोमा सो अवधिभित्र पनि सुधार नगरेमा दर्ता अधिकारीले त्यस्तो समिति विघटन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

४१. **लेखा सुपरिवेक्षण समितिको गठन** : (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेद्वार बन्न र निर्वाचित हुन पाउने छैन ।

४२. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार** : (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट संस्थाको

हितमा प्रतिकूल असर परेमा वा संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुने पाउने छैन ।

४३. **अभिलेख राख्नु पर्ने** : (१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राखु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

४४.**विवरण उपलब्ध गराउनु पर्ने** : (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिना भित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ;-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

परिच्छेद -६

बचत तथा ऋण परिचालन

४५. **बचत तथा ऋणको कारोबार** : (१) संस्थाले आफ्नो सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्धेश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा बचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा बचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइने छैन ।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुनेछैन ।

(५) संस्थाले प्रदान गरेको ऋणको लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले प्रचलित कानून बमोजिम बाहेक कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन ।

तर,

(क) संस्थाको दायित्व प्रति प्रतिकूल नहुने गरी संस्थाले आफ्नो प्रयोजनको लागि अचल

सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(ख) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र हक हस्तान्तरण गरिसक्नु पर्नेछ ।

(ग) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्ने छैन ।

(७) संस्थाले शेयर पूँजी कोषको दश गुणासम्म बचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

४६. **व्यक्तिगत बचतको सीमा** : संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा विनियममा तोकिए बमोजिम बढीमा तीस लाखसम्म हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

परिच्छेद -७

आर्थिक स्रोत परिचालन

४७. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था** : (१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) संस्थाको शेयरको अंकित मूल्य प्रतिशेयर एकसय रुपैयाँ हुनेछ ।

(४) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

४८. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था** : (१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) संस्थाले बचत खाताहरु मात्र संचालन गर्न सक्नेछ ।

४९. **ऋण वा अनुदान लिन सक्ने** : (१) संस्थाले संघीय कानून वमोजिम स्वीकृती लिएर विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिए वमोजिमको विवरणहरु सहित दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता अधिकारीले गाउँ कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव गाउँ कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरि पठाउनेछ ।

५०.**<u>नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने</u>** : (१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून वमोजिम स्विकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिम प्रस्ताव उपयुक्त देखिएमा गाउँ कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरि पठाउनु पर्नेछ ।

५१.**<u>स्थानीय तहको सुरक्षण प्राप्त गर्न सक्ने</u>** : (१) संस्थाले स्वदेशी बैङ्क वा वित्तीय निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा प्रचलित कानून वमोजिम स्विकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिम प्रस्ताव प्राप्त हुन आएमा प्रस्ताव प्राप्त भएको मितिले तिस दिनभित्र दर्ता अधिकारीले गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिका समक्ष पेश हुन आएको प्रस्ताव उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कार्यपालिकाका बढीमा सात जना सदस्य रहेको समिति गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गठन भएको समितिले एक महिना भित्र सुरक्षण प्रदान गर्न सक्ने वा नसक्ने बिषयमा विस्तृत प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई सुरक्षण प्रदान गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नेछ ।

(६) उपदफा (५) बमोजिम निर्णय हुँदा त्यस्तो संस्थालाई सुरक्षण प्रदान गर्ने निर्णय भएमा प्रचलित कानून बमोजिम स्थानीय तहले सुरक्षण प्रदान गर्नेछ ।

परिच्छेद -८

संस्थाको कोष

५२.**संस्थाको कोष** : (१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

५३.**जगेडा कोष** : (१) संस्थामा देहाय बमोजिमको रकम रहने गरि एक जगेडा कोष रहेनछ;-

(क) प्रत्येक आर्थिक वर्षको खूद नाफा रकमको कम्तिमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

५४.**संरक्षित पूँजी फिर्ता कोष** : (१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ५३ को उपदफा (१) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) उपदफा (१) बमोजिमको कोषको रकम प्रचलित कानून बमोजिम सदस्यले गरेको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ ।

५५.**<u>सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्था</u>** : (१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ५३ को उपदफा (१) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्दधन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानु नमा व्यवस्था भएबमोजिम हुनेछ ।

५६. **<u>अन्य कोष सम्बन्धी व्यबस्था</u>** : (१) दफा ५२, ५३, ५४ र ५५ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

(३) शेयर लाभांश कोषमा एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी राख्न पाइने छैन ।

५७. **स्थिरीकरण कोष सम्बन्धी व्यवस्था** : बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

५८. **आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्था** : संस्थाले संघीय कानुनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरूको बालीनाली वा वस्तुभाउमा भएको क्षति को अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

परिच्छेद -९

लेखा र लेखापरीक्षण

५९. **कारोबारको लेखा** : संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित, कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी प्रचलित कानून बमोजिम लागू गरिएको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

६०. **लेखापरीक्षण** : (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षक द्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले

त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने परिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५९ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

६१. **लेखापरीक्षकको नियुक्ति** : (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्ये बाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ती गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

६२.**लेखापरीक्षक नियुक्ति हुन नसक्ने** : (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन;-

(क) सम्बन्धित सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित सस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफु नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

परिच्छेद -१०

ऋण असुली तथा बाँकी बक्यौता

६३. **ऋण असुल गर्ने** : (१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जना असुलउपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा त्यस्तो धितो सम्बन्धित संस्थाले नै सकार गरेको अवस्थामा सो पश्चात् ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(३) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट

त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (३) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पति लिलाम बिक्री गर्दा जो कोहि नेपाली नागरिकले त्यस्तो धितो सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमिजिम कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(८) यस दफा बमोजिम कुनै संस्थाले ऋणको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्ति वा संस्थाको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम संस्थाबाट लेखि आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

६४. **कालो सूची सम्बन्धी व्यवस्था** : संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

६५. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था** : कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।

६६. **बाँकी बक्यौता असूल उपर गर्ने** : कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुलउपर गरिदिन सक्नेछ ।

६७. **रोक्का राख्न लेखी पठाउने** : (१) संस्था वा दर्ता अधिकारीले दफा ६३ र ६६ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

व्यक्तिको खाता,जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नराखी दिनु पर्नेछ ।

६८. **<u>अग्राधिकार रहने</u>** : कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६९. **<u>कारवाही गर्न वाधा नपर्ने</u>** : संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

<u>परिच्छेद -११</u>

<u>एकिकरण बिघटन तथा दर्ता खारेज</u>

७०. **<u>एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था</u>** : (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकिकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकिकरण वा विभाजन गर्ने निर्णय गर्दा एकिकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

७१. **विघटन र दर्ता खारेज** : (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ :

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

७२. **लिक्वीडेटरको नियुक्ति** : (१) दफा ७१ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सङ्घीय कानुनमा तोकिएको सिमासम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

७३. **लिक्वीडेशन पछिको सम्पतिको उपयोग** : कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग सङ्घीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद -१२
दर्ता अधिकारी

७४. **दर्ता अधिकारी** : (१) यस ऐन अन्तर्गत दर्ता अधिकारीले गर्नुपर्ने कार्यहरू सिलीचोङ गाउँपालिकाको अध्यक्ष प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७५. **काम, कर्तव्य र अधिकार** : दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार यस ऐनमा उल्लेख भए बमोजिम तथा यस ऐनको कार्यान्वयन गर्न बन्ने नियममा तोकिए बमोजिम वा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

७६. **निरीक्षण तथा अभिलेख जाँच गर्ने** : (१) दर्ता अधिकारीले संस्थाको जुनसुकै बखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल सरकारले तोकेको सहकारी नियमन गर्ने निकायले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोबार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि सहकारी नियमन गर्ने निकायले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता अधिकारी वा सहकारी नियमन गर्ने निकायको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनुपर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता अधिकारी वा सहकारी नियमन गर्ने निकायले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) सहकारी नियमन गर्ने निकायले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्दा सहकारी नियमन गर्ने निकायले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी सहकारी नियमन गर्ने निकायले सिलीचोङ गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

७७. **छानविन गर्न सक्ने** : (१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा बीस प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

७८. **निरिक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था** : (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

७९. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने** : (१) दर्ता अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछ;-

(क) सञ्चालनमा रहेको संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई गाउँपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ढ) संस्थाले सञ्चालन गरेको दफा १५ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

परिच्छेद -१३

समस्याग्रस्त संस्थाको व्यवस्थापन

८०. **संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने** : (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछः

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

८१. **<u>व्यवस्थापन समितिको गठन</u>** : (१) दफा ८० बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि

व्यवस्थापन समितिको गठन गर्न दर्ता अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद -१४

कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

८२. **कसुर गरेको मानिने** : (१) कसैले पनि यस दफा बमोजिमको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२) दफा ७ विपरित कसैले दर्ता नगरी सहकारी संस्था स्थापना तथा सञ्चालन गरेमा ।

(३) दफा ९ को उपदफा (३) बमोजिमको म्याद भित्र सूचिकृत भई सक्नु पर्नेमा सूचिकृत नभएमा ।

(४) दफा ९ को उपदाफा (४) बमोजिम दर्ता गर्ने अधिकारीले तोकीदिएको शर्त पालना नगरेमा ।

(५) दफा १२ को उपदफा (३) बमोजिम दिएको निर्देशन उपदफा (४) बमोजिमको अवधिभित्र पुरा नगरेमा ।

(६) दफा १५ को उपदफा (३) बिपरित अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर कारोबार सञ्चालन गर्नु पर्नेमा त्यस्तो अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र नलिई कारोबार सञ्चालन गरेमा ।

(७) दफा १५ को उपदफा (४) बिपरित अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर कारोबार सञ्चालन गरेकोमा सो को जानकारी दर्ता अधिकारीलाई नदिएमा ।

(८) दफा २५ को उपदफा (१) विपरित दुई वटा संस्थाको सदस्य भएमा ।

(९) दफा २५ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश विपरित कुनै एक संस्थाको सदस्यता कायम नगरेमा ।

(१०) दफा २५ को उपदफा (२) विपरित कृतिम व्यक्ति सदस्य कायम राखेमा ।

(११) दफा ३२ को उपदफा (१) विपरित तीन महिनाभित्र प्रारम्भिक साधारण सभा नवोलाएमा ।

(१२) दफा ३२ को उपदफा (२) विपरित छ महिनाभित्र प्रारम्भिक साधारण सभा नवोलाएमा ।

(१३) दफा ४२ को उपदफा (३) विपरित संस्थाले प्रादान गर्ने ऋणमा सेवा शुल्क र नविकरण शुल्क लिएमा ।

(१४) दफा ४२ को उपदफा (४) विपरित बचत र व्याजको ऋणको अन्तर छ प्रतिशत भन्दा बढी कायम गरेमा ।

(१५) दफा ४२ को उपदफा (५) विपरित संस्थाले प्रदान गरेको ऋणको लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा ।

(१६) दफा ४२ को उपदफा (५) विपरित संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा ।

(१७) दफा ४७ को उपदफा (२) विपरित एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गरेमा ।

८३. **जरिबाना सम्बन्धी व्यवस्था** : (१) कसैले दफा ६४ अन्तर्गतको कसुर गरे गराएमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले कसुरको मात्रा हेरी यस दफा बमोजिम जरिबाना गर्न सक्नेछ ।

(२) दफा ८२ को उपदफा (२) बमोजिम कसैले दर्ता नगरी सहकारी संस्था स्थापना तथा सञ्चालन गरेमा त्यस्तो संस्था दर्ता गर्दा लाग्ने शुल्कको दोब्बर जरिवाना गरी त्यस्तो संस्था सिलबन्दी गरी प्रचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

(३) दफा ८२ को उपदफा (३) बमोजिमको म्याद भित्र संस्था सूचिकृत भई सक्नु पर्नेमा सूचिकृत नभएमा सूचिकृत हुन लाग्ने दस्तुरको दोब्बर जरिवाना गरी त्यस्तो संस्थाको कारोबार रोक्का राखी प्रचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

(४) दफा ८२ को उपदफा (४) बमोजिम दर्ता गर्ने अधिकारीले तोकी दिएको शर्त पालना नगरेमा पहिलो पटकका लागि रूपैयाँ पाँच हजार जरिवाना र त्यस पछी प्रत्येक पटकको लागि थप रूपैयाँ सात हजार पाँच सय जरिवाना हुनेछ ।

(५) दफा ८२ को उपदफा (५) बमोजिमको निर्देशन तोकिए बमोजिमको अवधिभित्र पुरा नगरेमा रूपैयाँ पाँच हजार जरिवाना गरी पुनः संशोधनको लागि निर्देशन दिने ।

(६) दफा ८२ को उपदफा (६) बिपरित अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर कारोबार सञ्चालन गर्नु पर्नेमा त्यस्तो अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र नलिई कारोवार सञ्चालन गरेमा रूपैयाँ पाँच हजार जरिवाना गरी त्यस्तो कारोबार बन्द गर्ने ।

(७) दफा ८२ को उपदफा (७) विपरित अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर कारोबार

सञ्चालन गरेकोमा सो को जानकारी दर्ता अधिकारीलाई नदिएमा रूपैयाँ दुई हजार पाँच सय जरिवाना हुनेछ ।

(८) दफा ८२ को उपदफा (८) विपरित दुई वटा संस्थाको सदस्य भएमा रूपैयाँ पाँच हजार जरीवाना र कुनै एक संस्थाको सदस्यता खारेज हुनेछ ।

(९) दफा ८२ को उपदफा (९) को प्रतिवन्धात्मक वाक्यांश विपरित कुनै एक संस्थाको सदस्यता कायम नगरेमा रूपैयाँ पाँच हजार जरीवाना र कुनै एक संस्थाको सदस्यता खारेज हुनेछ ।

(१०) दफा ८२ को उपदफा (१०) विपरित कृतिम व्यक्ति सदस्य कायम राखेमा रूपैयाँ पाँच हजार जरीवाना र त्यस्तो संस्थाको सदस्यता खारेज हुनेछ ।

(११) दफा ८२ को उपदफा (११) विपरित तीन महिनाभित्र प्रारम्भिक साधारण सभा नवोलाएमा रूपैयाँ पाँच हजार जरीवाना गरी एक महिनाभित्र दर्ता अधिकारीले प्रारम्भिक साधारण सभा बोलाइ दिनु पर्नेछ ।

(१२) दफा ८२ को उपदफा (१२) विपरित छ महिनाभित्र बार्षिक साधारण सभा नवोलाएमा रूपैयाँ पाँच हजार जरीवान गरी एक महिनाभित्र दर्ता अधिकारीले प्रारम्भिक साधारण सभा बोलाइ दिनु पर्नेछ ।

(१३) दफा ८२ को उपदफा (१३) विपरित संस्थाले प्रादान गर्ने ऋणमा सेवा शुल्क र नविकरण शुल्क

लिएमा जति रकम लिएको हो सो बराबर जरिबाना र उक्त रकम फिर्ता गर्नु पर्नेछ ।

(१४) दफा ८२ को उपदफा (१४) विपरित बचत र व्याजको ऋणको अन्तर छ प्रतिशत भन्दा बढी कायम गरेमा रूपैयाँ पच्चीस हजार देखि पचास हजार सम्म जरिवाना हुनेछ ।

(१५) दफा ८२ को उपदफा (१५) विपरित संस्थाले प्रदान गरेको ऋणको लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा यसरी पूँजीकृत गरि लगाएको व्याज वरावर जरिवाना गरी र बढी लिएको रकम संस्थाले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

(१६) दफा ८२ को उपदफा (१६) विपरित संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा रूपैयाँ पाँच हजार जरीवाना गरी त्यस्तो ऋण तत्काल रोक्का हुनेछ ।

(१७) दफा ८२ को उपदफा (१७) विपरित एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गरेमा रूपैयाँ पच्चीस हजार देखि पचास हजार सम्म जरिवाना गरी बढी हुने बिक्रि गरेको शेयर फिर्ता हुनेछ ।

(१८) यदि कुनै व्यक्ति वा संस्थाले यस दफा बमोजिम भएको जरिबाना तिर्न ईन्कार गरेमा निजलाई वडा कार्यालय तथा गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधा रोक्का राखी कारबाही गर्न सकिनेछ ।

(१९) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सहकारी निरीक्षणको क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक कम जरिबाना सम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा दर्ता अधिकारीले एउटा सहकारी संस्थालाई फरक प्रकृतिको कसुरमा बढीमा दुई पटक सम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ।

(२०) अनुगमनका क्रममा यस ऐन र प्रचलित कानून विपरीत कार्य भए गरेको पाईएमा दर्ता अधिकारी वा अनुगमन टोलि वा निरीक्षण टोलिले देहाय अनुसार कारबाही, दण्ड र जरिबाना गर्न सक्नेछ,-

(क) दर्ता अधिकारीले संस्था निरीक्षण गर्दा प्रचलित कानून बमोजीम गरे नगरेको निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ,

(ख) खण्ड (क) बमोजिम खानतलासी गर्दा अनुचित वा अनियमित कार्य

गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो कार्यमा तत्काल रोक लगाई नियमानुसारको कारबाही अघि बढाउन सक्नेछ,

(ग) अनुगमन निरीक्षणबाट मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ,

(घ) खण्ड (ग) बमोजिम लेखी आएकोमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नु पर्नेछ,

(ङ) यस ऐन वमोजिम संस्था सिलबन्दी गर्नुपर्दा यस ऐनमा व्यवस्था भएकोमा यसै बमोजिम र यस ऐनमा व्यवस्था नभएकोमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(२१) यस दफा बमोजिम दर्ता अधिकारीले जरिबानाको आदेश दिंदा जरिबानाको रकम त्यस्तो जरिबाना बुझाउने स्थान र जरिबाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

८४. **<u>जरिबाना गर्दा अपनाउनुपर्ने कार्यविधि</u>** : (१) दर्ता अधिकारीले दफा ८३ बमोजिम जरिबाना गर्नुपरेमा तोकिए बमिजिमको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धितलाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ ।

(२)) उपदफा (१) बमोजिम जरिबानाको रकम निर्धारण गर्दा कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट अन्य लाई पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबानाको आदेश दिदा जरिबानाको रकम त्यस्तो जरिबाना बुझाउने स्थान र जरिबाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित संस्था वा व्यक्तिले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा दर्ता अधिकारीले प्रहरीको सहयोगमा त्यस्तो जरीवानाको आदेश बुझाउन सक्नेछ ।

(५) दर्ता अधिकारीले गरेको जरिबाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

८५. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन बमोजिम कसुर गरेकोमा उक्त कसुर प्रचलित अन्य कानून बमोजिम सजाय हुने रहेछ भने सो बमोजिम मुद्दा चलाउन र सजाय गर्न यस ऐनको प्रावधानले बाधा पुर्याएको मानिने छैन।

८६. **उजुरी दिन सक्ने** : (१) यस ऐन वा प्रचलित कानून विपरीत कुनै संस्था वा व्यक्तिले कुनै कसुर गरे गराएमा जो कोहि नेपाली नागरिकले दर्ता अधिकारी समक्ष मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अधिकारीले लिखित सूचना वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमन वा निरीक्षणको लागि लेखी आएमा दर्ता अधिकारीले अनुगमन तथा निरीक्षण गर्न गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कुनै संस्थाले यस ऐनको विपरीतको कार्य गरेको पाइएमा कारबाही चलाइनेछ ।

८७. **सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्ने** : (१) यस ऐन बमोजिम अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने

सम्भावना दर्ता अधिकारीले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानविन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाएको विषयमा सम्बन्धित संस्था वा व्यक्तिले जानकारी माग गरेमा दर्ता अधिकारीले जानकारी गराउनु पर्नेछ।

८८. **<u>रोक्का राख्ने</u>** : (१) दर्ता अधिकारीले सम्बन्धित, संस्थालाई दफा ८२ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्न तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

८९. **<u>दोब्बर जरिवाना हुने</u>** : दफा ८२ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

९०. **<u>उजुरी दिने हदम्याद</u>** : (१) कसैले दफा ८१ बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८२ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

९१. **<u>पुनरावेदन गर्न सक्नेछ</u>** : (१) यस ऐन बमोजिम दर्ता अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर कार्यपालिकाले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

९२. **<u>असूल उपर गरिने</u>** : यस परिच्छेद वमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

<u>परिच्छेद -१५</u>

<u>विविध</u>

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

९३. **मताधिकारको प्रयोग** : कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९४. **सामाजिक परीक्षण गराउन सक्ने** : (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

९५. **सहकारी शिक्षा** : सहकारी क्षेत्रको प्रवर्द्धनको लागि विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी सम्बन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९६. **आर्थिक सहयोग गर्न नहुने** : संस्थाको रकमबाट समितिको निर्णय बमोजिम सदस्यहरूले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरूलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

९७. **अन्तर सहकारी कारोवार गर्न सक्ने** : संस्थाहरूले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

९८. **ठेक्कापट्टा दिन नहुने** : संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन ।

९९. **सरकारी बाँकी सरह असुल उपर हुने** : कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१००. **नियम बनाउने सक्ने** : यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१०१. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

१०२. **खारेजी र बचाउ** : (१) "सिलीचोङ गाउँपालिकाको सहकारी ऐन, २०७६" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

प्रविण राई

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र